## नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)

## केन्द्रीय कमिटीको आठौँ बैठकबाट पारित प्रस्तावहरू

१. हाम्रो पार्टी नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)को मिति २०८१ असार १६ देखि २० गतेसम्म आयोजना हुने १०औं राष्ट्रिय महाधिवेशन भव्यताका साथ सम्पन्न गर्नका लागि पार्टीका सम्पूर्ण नेता, कार्यकर्ता तथा सुभेच्छुकहरूमा यो बैठक वैचारिक, राजनीतिक, साङ्गठनिक तथा भौतिक रूपमा योगदान गर्न आह्वान गर्दछ ।

२. कतिपय सहकारी संस्थाले अधिकारको दुरूपयोग गरी सर्वसाधारण जनताको बचत अपचलन गरेर ठूलो धनरासी दुरूपयोग गरी आर्थिक तथा वित्तिय अपराध गरेको दुःखद घटनाहरू सार्वजनिक भईरहेका छन् । यस सम्बन्धमा गृहमन्त्रीको समेत संलग्नताको समाचार प्रकाशित भएको छ । यो बैठक समग्र समस्या समाधानको लागि छानविन समिति गठनगरी दोषिमाथि कडा कारबाही गरियोस् भन्ने मागगर्दछ ।

३. मुलुकका विभिन्न स्थानमा यो वर्ष डढेलो र आगलागीमा परी दर्जनौको संख्यामा सर्वसाधारण जनताको ज्यान गएको छ । कैयन घाइते र घरबार विहिन भएका छन् । यो बैठक आगलागीमा परी मृत्यु हुनेहरूप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्तगर्दै घाइतेहरूको निःशुल्क उपचार र धनजनको क्षति व्यहोरेका पीडित परिवारलाई उचित राहत र क्षतिपूर्ति प्रदान गर्न सरकार समक्ष मागगर्दछ ।

४. आगामी मनसूनको समयमा सामान्य भन्दा अधिक वर्षाहुने प्रक्षपण गरिएका समाचारहरू प्राप्त हुन थालेका छन् । तसर्थ विषम मौसम पूर्वअनुमानलाई ध्यानमा राख्दै अधिक वर्षा र बाढी, पहिरोबाट हुने जनधनको न्यूनीकरण गर्नका लागि आवश्यक पूर्व तयारीमा रहन यो बैठक सरकारलाई आह्वान गर्दछ र नदी किनारा र बाढीले प्रभावित हुनसक्ने क्षेत्रका जनतालाई सतर्क रहन समेत अपिल गर्दछ।

५. वर्षाको सुरूवात भएपछि मुलुकभर रोपाईको गतिविधि तीव्र रूपमा अगाडि बढ्ने अवस्थामा धान रोपाईको लागि आवश्यक पर्ने बिऊबिजन र मलखाद्को आपूर्ति व्यवस्थाको सुनिश्चित गर्न यो बैठक सरकारसँग माग गर्दछ ।

६. अहिले हाम्रो आर्थिक जीवन दिनानुदिन सङ्कटपूर्ण बन्दै गएको छ । उद्योग व्यवसायहरू धमाधम बन्द हुँदैछन् वा अति कम क्षमतामा चलेका छन् । यसबाट उद्यमीहरूमा निराशा बढ्दैछ, रोजगारीका अवसरहरू पनि दिनानुदिन साँघुरिँदै गएका छन् । वैदेशिक रोजगारी र शिक्षाका लागि बाहिरिने युवाहरूको संख्या बढ्दैछ । उत्पादन मात्रै होइन मागमा पनि ह्रास आएको छ । उपभोक्ताको क्रयशक्ति घट्दैछ । यो बैठक, वर्तमान आर्थिक अवस्थाप्रति गम्भीर चिन्ता व्यक्त गर्दछ । लगानी र उत्पादनको वातावरण बनाउन, उद्यमहरू डुब्न नदिन प्रभावकारी आर्थिक, वित्तिय तथा मौद्रिक नीतिहरूमार्फत् अर्थतन्त्रको वर्तमान निराशापूर्ण अवस्थामा जिम्मेवारीपूर्वक हस्तक्षेप गर्न सरकारसँग जोडदार माग गर्दछ ।

७. उचित ज्यालाको व्यवस्था गर्दै अनौपचारिक क्षेत्रका श्रमजीवीहरूलाई पनि सामाजिक सुरक्षा कोषमा समावेश गर्न तथा श्रम निरिक्षण प्रणालीजस्ता संवैधानिक, कानूनी तथा नीतिगत व्यवस्थालाई प्रभावकारीरुपमा लागू गर्दै श्रमको अवस्थामा सुधार ल्याउन र राष्ट्रिय श्रम आयोग गठनका लागि आवश्यक निर्णय गर्न यो बैठक नेपाल सरकार र सम्बन्धित सबै सरोकारवालासँग जोडदार माग गर्दछ ।

८. नेपाली कच्चा पदार्थमा आधारित उद्योगहरूका लागि लगानीको वातावरण तयार गर्न, औद्योगिक विकासलाई तीब्रता दिन व्यवस्थापनमा सुधार गर्दा नाफामा जान सक्ने सार्वजनिक संस्थानहरूलाई सुचारु गर्न, औद्योगिक क्षेत्रको पूर्वाधार विकासमा तदारुकता देखाउन तथा लगानीमैत्री कानून एवम् छिटो-छरितो कार्यबिधि निर्माण गर्न यो बैठक सरकारसँग माग गर्दछ । वित्तीय सुविधामा निश्चित व्यावसायिक घरानाहरूको मात्र पहुँच हुने वर्तमान वित्तीय एकाधिकारको स्थितिको अन्त्य गरी अधिकतम रोजगारी सृजना गर्ने साना तथा मझौला व्यवसायीहरूलाई प्रोत्साहन गर्ने नीति तय गर्नुका साथै नेपालमा आयात हुने तयारी माल/बस्तुमा भन्सार कमगर्ने तथा कच्चा पदार्थको आयातमा भन्सार दर बढी हुने व्यवस्थाहरूको अन्त्य गरी उत्पादनमैत्री कानूनी ब्यवस्था गर्न पनि यो बैठक माग गर्दछ ।

९. हाम्रो पार्टीले विभिन्न समयमा देशका आर्थिक तथा राष्ट्रिय महत्वका विविध विषय र समस्याहरू समाधान गर्नका लागि पार्टीको दृष्टिकोणसहितका मागपत्रहरु प्रधानमन्त्री समक्ष प्रस्तुत गरेकामा ती मागहरुको सम्बोधन गरी देशको आर्थिक अवस्थालाई सहजतातिर लैजान कुनै प्रयास नगरेकोप्रति यो बैठकको गंभीर रुपले ध्यानाकर्षण भएको छ । यो बैठक देशका समस्याहरु समाधान गर्नका लागि हाम्रो पार्टीले सम्माननीय प्रधानमन्त्रीलाई पेश गरेका मागपत्रहरुको कार्यान्वयन गर्ने दिशामा गंभीर बन्नका लागि नेपाल सरकारसँग जोडदार माग गर्दछ ।

१०. प्यालेस्टायनी भूमि गाजा क्षेत्रमा ईजरायलले गरेको नृशंस आक्रमणप्रति यो बैठक निन्दा गर्दछ । यो बैठक प्यालेस्टायनी जनताको भूमि, स्वतन्त्र राष्ट्र र सार्बभौमिकताको रक्षाको लागि संयुक्त राष्ट्रसंघद्वारा पारित प्रस्तावहरुप्रति समर्थन जनाउँदै उक्त क्षेत्रमा यथाशिघ्र युद्धविराम गर्न आह्वान गर्दछ । त्यहाँ भईरहेको मानवीय संकट समाधान गर्न र मध्य पूर्व क्षेत्रमा दिगो शान्ति स्थापना गर्नका लागि आवश्यक पहल गर्न सम्बन्धित पक्षलाई अनुरोध गर्दछ ।

११. ईजरायलमा अध्ययन गर्न गएका नेपालका बिपिन जोशी लामो समयदेखि हमासको कब्जामा रहेको भन्ने कुरा सार्बजनिक भएको छ । यो बैठक उहाँलाई सकुसल मुक्तगर्न सम्बन्धित अधिकारीहरू समक्ष अपिल गर्दछ र निजलाई सकुसल नेपाल फिर्ता ल्याउन पहल गर्न नेपाल सरकार र अन्तर्राष्ट्रिय समुदायलाई अनुरोध गर्दछ ।

१२. रूस-युक्रेन युद्ध लम्बिँदै र जटील बन्दै गएको, हतियारको अत्यधिक प्रयोग बढ्दै गएको र धनजनको क्षति त्यही रूपमा बढ्दै गएको छ । त्यसले आर्थिक विकासमा बाधा, खाद्यान्नको अभाव, महङ्गी, विश्वव्यापारमा तथा रोजगारीमा गिरावट, इन्धनको मूल्यमा बृद्धिजस्ता नकारात्मक प्रभाव बढ्दै गएका छन् । यो बैठक युद्धरत मुलुकहरू तथा यस युद्धमा प्रत्यक्ष–अप्रत्यक्षरुपले सङ्लग्न मुलुकहरूलाई संयमित हुन र वार्ताद्वारा समस्याको समाधान गर्न अपील गर्दै त्यसमा प्रभावकारी भूमिका खेल्न संयुक्त राष्ट्र संघलगायत अन्तर्राष्ट्रिय संस्थाहरूलाई आह्वान गर्दछ ।

१३. अवैध बाटोबाट रूसी सेनामा केही नेपाली युवाहरू भर्ती हुन पुगेको खबरहरू प्राप्त भएका छन् । रोजगारीका नाममा यस्ता व्यक्तिहरू अन्तर्राष्ट्रिय मानवतस्करको चंगुलामा परेर युद्धको मैदानमा पुगेका छन् । यस्ता होनहार युवाहरु मध्ये केहीको मृत्यु भएको छ भने केही घाइते र वेपत्ता भएका छन । यो बैठक नेपाली युवालाई रूसी सेनामा भर्ती गरिने कार्य रोक्न, युद्धमा मारिएका र घाइतेहरुलाई क्षतीपूर्ति दिलाउन, रूसी सेनामा फसेका युवालाई स्वदेश फिर्ता गर्न, वेपत्ता भएकाहरुको खोजी गर्न र गैर कानूनी रूपमा रूसी सेनामा भर्ती गराउने दलालहरुलाई कारबाहीको दायरामा ल्याउन सरकार समक्ष मागगर्दछ ।

१४. जलवायु परिवर्तन, वातावरणीय सङ्कट, शस्त्रास्त्र होडवाजी, सूचनामा एकाधिकार, युद्ध तथा द्वन्द्वले सिर्जना गरेको विस्थापन तथा शरणार्थी सङ्कट, अभाव र भोकमरीजस्ता आज दुनियाँले व्यहोरिरहेका समस्याहरूको मुख्य कारण आजको विश्व पुँजीवादी साम्राज्यवाद हो र त्यसका दुस्परिणामहरूले मानवजातीको भविष्य अनिश्चित बन्दै गएकोतर्फ चिन्ता व्यक्त गर्दै त्यसका विरूद्ध संसारभरीका क्रान्तिकारी, प्रगतिशील तथा न्यायप्रेमी जनताले चलाएका सबैखालका अभियान, आन्दोलन तथा प्रतिरोधसँग यो बैठक ऐक्यबद्धता प्रकट गर्दछ ।

१५. श्रमजीवी शिक्षक कर्मचारीहरुको विचार र राजनीतिक स्वतन्त्रताको हकमा कुण्ठित गर्नेगरी कुनै पनि निर्णय नगरियोस् भन्ने कुरा यो बैठक सम्बन्धित पक्षलाई ध्यानाकर्षण गराउन चाहन्छ । 'विचारमा स्वतन्त्रता तथा सेवा प्रवाहमा निष्पक्षता तटस्थता र गुणस्तरीयता' को नीतिका साथ शिक्षक कर्मचारीहरुको अधिकारलाई सुनिश्चित गर्न यो बैठक सम्बधित पक्षसँग माग गर्दछ ।

१६. विशेषगरी तराई मधेसका विभिन्न क्षेत्रहरूमा बसोबास गर्ने विभिन्न समुदायबीच असहिष्णुता, वैमनश्यता फैलाएर द्वन्द सिर्जना गर्ने कार्य भैरहेको छ । यो बैठक यसप्रकारका द्वश, अशहिष्णुता र वैमनश्यता फैलाउने कार्यलाई कडाईका साथ रोक लगाउने, कार्वाहीको दायरामा ल्याउने र अशुरक्षित समुदायलाई सुरक्षाको प्रत्याभूति दिलाउने कार्यमा सरकार अग्रसर रहोस भन्ने माग गर्दछ ।

१७. ताप्लेजुङ जिल्लामा अवस्थित प्रसिद्ध धार्मिकस्थल मुक्कुमलुङ/पाथीभारा क्षेत्रमा केबुलकार एक कम्पनीलाई राख्न दिने शर्तमा त्यहाँका आदिवासी लिम्बूहरुको मुन्दुमी पवित्रस्थल, जैविक विविधता, महत्वपूर्ण जडिबुटीको विनास तथा राष्ट्रिय फूल लालीगुँरासको लाखौं रूखहरू धमाधम काटिरहेको छ । यस जैविक विविधता र मुन्दुमी स्थल संरक्षणको लागि लिम्बूजन्य संघसंस्थाहरूले खबरदारी र सो विनासलाई रोक्ने प्रयत्न गरी रहेका छन् । यो बैठक पवित्र मुन्दुमी स्थलहरूको संरक्षणको आन्दोलन प्रति ऐक्यबद्धता प्रकट गर्दछ र तत्काल उक्तकार्य रोक्न तथा उक्त क्षेत्रलाई संरक्षण र सुरक्षित गर्न सरकारसँग माग गर्दछ ।

१८. खाद्य अधिकार तथा खाद्य संम्प्रभुता सम्बन्धि कानून र नियमावलीलाई तत्तकाल कार्यान्वयन गर्न, दुग्ध, उखु, तरकारी तथा अलैची किसानहरूका जायज माग तुरून्त पूरा गर्न यो बैठक सरकारसँग जोडदार रूपमा माग गर्दछ ।

धन्यवाद ।

**२ जेठ २०८१ बालकुमारी ललितपुर**